## औद्योगिक क्षेत्रको उत्पादकको मूल्य सूचकांक (Producer's Price Index of Industrial Sector, IPPI)

आर्थिक क्षेत्रमा मूल्यमा भएको परिवर्तनको कारणले हुने परिवर्तन मापन गर्ने उद्देश्यले केन्द्रीय तथ्यांक विभागले आ.व. २०४४/४५ देखि वार्षिक उत्पादकको मूल्य सूचकांक निर्माण गरी प्रकासित गर्दै आएको छ । प्रयोगकर्ताहरुको माग र आवश्यकाता अनुसार आ.व. २०६७/६८ देखि के.त.वि.ले त्रैमासिक उत्पादकको मूल्य सूचकांकको श्रृंखला तयार गरी प्रकाशन गर्दै आएको र यसबाट आर्थिक क्षेत्रमा मूल्यको कारणले हुने त्रैमासिक परिवर्तलाई अनुमान गर्न सहज भएको देखिन्छ । विद्यमान उत्पादकको मूल्य सूचकांकको आधार वर्ष आ.व. २०७१/७२ रहेको छ ।

### आ.व. २०७३/७४ को औद्योगिक क्षेत्रको उत्पादकको मूल्य सूचकांक:

आ.व. २०७३/७४ को समग्र औद्योगिक क्षेत्रको वार्षिक उत्पादकको मूल्य सूचकांक **(Producer's Price Index of Industrial Sector, IPPI)** ११२.६६ रहेको अनुमान गरिएको छ । जस अनुसार यस आ.व.को वार्षिक उत्पादकको मूल्य सूचकांक गत आ.व.को तुलनामा ४.४२ प्रतिशतले बृद्धि भएको देखिन्छ । त्यसै गरी आर्थिक कृयाकलावहरुको समूह अनुसार हेर्दा खानी तथा उत्खनन, उद्योग र विद्युत तथा ग्याँस को वार्षिक सूचकांकमा क्रमसः ९.००, २.८४ र १९.०९ प्रतिशतले बृद्धि भई सूचकांकहरु क्रमसः ११८.०१, १११.८३ र ११९.०९ पुगेको अनुमान गरिएको छ । पानीको सूचकांकमा भने कुनै परिवर्तन नभएको देखिन्छ ।

यसै गरी समग्र औद्योगिक क्षेत्रको उत्पादकको मूल्य सूचकांक तेस्रो त्रैमासिकमा ११२.९१ रहेकोमा १.१५ प्रतिशतले बृद्धि भई चौथो त्रैमासिकमा ११४.२० पुगेको अनुमान गरिएको छ । त्यसै गरी आर्थिक कृयाकलावहरुको समूह अनुसार हेर्दा खानी तथा उत्खनन, उद्योग र विद्युत तथा ग्याँसमा तेस्रो त्रैमासिक सूचकांकहरुमा क्रमसः ०.३५, १.३३ र ०.०१ प्रतिशतले बृद्धि भई चौथो त्रैमासिकमा सूचकांकहरु क्रमसः ११७.९१, ११३.३१ र ११९.२० पुगेको अनुमान गरिएको छ भने पानीको सूचकांकमा कुनै परिवर्तन नभएको देखिन्छ ।

यसरी हेर्दा त्रैमासिक सूचकांकहरुमा ठूलो परिवर्तन भएको देखिदैन तर वार्षिक सूचकांकमा भने अर्थिक वर्षको सुरुवाटसंगै विद्युतको मूल्यमा भएको बृद्धिले उद्योग क्षेत्र र खानी तथा उत्खनन क्षेत्रमा केहि असर परेको देखिन्छ ।

### त्रैमासिक औद्योगिक क्षेत्रको उत्पादकको मूल्य सूचकांकको स्थिति:

| उत्पादकको मूल्य सूचकांकहरु | आ. व. २०७२/७३ | आ. व. २०७३/७४ | | | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | वार्षिक |
| **कुल सूचकांक (IPPI)** | **१०७.८९** | **१११.७३** | **१११.८१** | **११२.९१** | **११४.२०** | **११२.६६** |
| खानी तथा उत्खनन् | १०८.२७ | ११७.९७ | ११७.८४ | ११८.३३ | ११७.९१ | ११८.०१ |
| उद्योग (MPPI) | १०८.७४ | ११०.७७ | ११०.८७ | ११२.०८ | ११३.३१ | १११.७६ |
| विद्युत र ग्याँस | १००.०० | ११८.९८ | ११८.९८ | ११९.१९ | ११९.२० | ११९.०९ |
| पानी | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |







### उद्योग क्षेत्रको उत्पादकको मूल्य सूचकांक (Manufacturing Producer's Price Index) को स्थिति:

उद्योग क्षेत्रको उत्पादकको मूल्य सूचकांकको वस्तुगत आधारमा NSIC, 3 - Digit अनुसार २९ वटा वस्तुगत समुहहरु मध्ये आ.व. २०७३/७४ को तेस्रो र चौथो त्रैमासिक सूचकांकहरुको तुलना गर्दा २ वटा NSIC समूहहरुमा १० प्रतिशत भन्दा बढी बृद्धि भएको अनुमान गरिएको छ । त्यसै गरी १८ वटा NSIC समूहहरुमा सामान्य बृद्धि भएको तथा ८ वटा NSIC समूहमा सामान्य गिराव अएको र एउटा NSIC समूहमा भने कुनै परिवर्तन नआएको अनुमान गरिएको छ ।

यस अर्थिक वर्षको तेस्रो र चौथो त्रैमासिक उत्पादकको मूल्य सूचकांकहरुको तुलन गर्दा ५४ वटा 4 – Digit CPC समुहका वस्तुहरु मध्ये तेस्रो त्रैमासिकबाट चौथो त्रैमासिकमा ३५ वटा वस्तुहरुको मूल्यमा सामान्य वृद्धि, एउटा वस्तुको मूल्य स्थिर र १८ वटा वस्तुहरुको मूल्यमा सामान्य गिरावट आएको अनुमान गरिएको छ । वस्तुगत आधारमा त्रैमासिक उत्पादकको मूल्य सूचकांकमा अधिकतम बृद्धि भएका ५ र अधिकतम गिरावट भएका ५ वस्तुहरुको विवरण तलको तालिकामा दिईएको छ ।

**वस्तुगत आधारमा त्रैमासिक तुलनात्मक विवरण यस प्रकार रहेको छ :**

**क. सूचकांकमा अधिकतम बृद्धि भएका ५ वस्तुहरुको विवरण**

| वस्तुहरु | आ. व. २०७३/७४ | | | | |
|---|---|---|---|---|---|
| | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | वार्षिक |
| प्रशोधित छाला | ९६.१८ | ७१.०७ | १००.३७ | ११२.५३१६ | ९५.०३८३ |
| अल्कोहल नभएका पेय पदार्थ | ११३.७९ | ११३.७९ | ११६.८८ | १२३.३२५२ | ११६.९४३७ |
| अल्कोहल भएका पेय पदार्थ | ११२.०५ | ११२.०७ | ११२.८६ | ११७.५३७ | ११३.६२८२ |
| चिरान काठहरु | ११६.३३ | १३५.९७ | १२१.७४ | १२६.६९०७ | १२५.१७९७ |
| जस्ता पाताहरु | १४२.८३ | ९९.१६ | १०२.६५ | १०६.७९११ | ११२.८५७६ |

**ख. सूचकांकमा अधिकतम गिरावट आएका ५ वस्तुहरुको विवरण**

| वस्तुहरु | आ. व. २०७३/७४ | | | | |
|---|---|---|---|---|---|
| | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | वार्षिक |
| पेट्रोलियम पदार्थहरु | १०१.३७ | ९४.९६ | ९६.९४ | ९२.४४९४२ | ९६.४३०४३ |
| पोलिस्टर तथा भिस्कस धागोहरु | ९१.९० | ९४.९८ | ९६.५० | ९२.४१८ | ९३.९४७०४ |
| प्लाष्टिकका पाईप तथा फिटिङ्सहरु | १०३.९९ | १०७.०४ | १०५.६० | १०२.२२७७ | १०४.७१३७ |
| बिस्कुट | ११२.१६ | १११.६० | ११०.११ | १०६.६८१५ | ११०.१३९७ |
| औषधी तथा भिटामिनहरु | १०२.५४ | १०२.५८ | १०८.८८ | १०५.५८३१ | १०४.८९४९ |